# कर्मचारी आवश्यकता

**प्रथम पटक सूचना प्रकाशित मितिः- २०८१ मंसिर २६ गते**

मानव संसाधन केन्द्र (HRC) एक गैर-सरकारी, गैर-नाफामुखी सामाजिक विकास संस्था हो। यस संस्थाले बाजुरा र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा कार्य गर्दै आइरहेको छ । संस्थाले विशेष गरी मानवीय क्षमता विकास, मानव अधिकार, जीविकोपार्जन,जलवायु परिवर्तन, गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा शारीरिक पुनस्थापना, महिला वालवालिका, हलिया तथा फरकक्षमता भएका व्यक्तिहरुको सशक्तिकरण तथा सामाजिक परिचालन मार्फत एकीकृत सामुदायिक विकासका क्षेत्रमा काम गर्दै आएको छ ।

मानव सशाधन केन्द्र **(HRC)** ले २०२४ देखि Terre des homes सँगको साझेदारीमा बाजुराको गौमुल र खसड छेडेदह गाउँपालिकामा **"दुर्गम समुदायका बालबालिका र युवाहरूलाई शिक्षा र अवसरहरूमा समान पहुँच सुनिश्चित गर्ने"** परियोजना कार्यान्वयन गर्न सामाजिक परिचालकहरु आवश्यक भएकोले उक्त पदको लागि दक्ष, इमानदार, नतिजा उन्मुख र स्व-उत्प्रेरित नेपाली नागरिकहरूबाट दरखास्त आवेदन आव्हान गर्दछ।

| | |
|---|---|
| **विज्ञापन नंः-** | ०४/०८१/०८२ |
| **पदः-** | सामाजिक परिचालक |
| **आवश्यक माग संख्याः-** | ५ |
| **कार्यक्षेत्रः-** | गौमुल र खसडछेडेदह गाउपालिका |

**न्यूनतम शैक्षिक योग्यता र अनुभव :**

- शिक्षा, व्यवस्थापन, बालि विज्ञान, पशु स्वास्थ्य विषयमा कम्तिमा प्रमाण पत्र वा प्लस टु उर्तिण गरी जिविकोपार्न तथा गुणस्तरीय शिक्षाका क्षेत्रमा कम्तिमा ३ वर्ष कार्यानुभव भएको ।(प्लस टु गरी EDF तथा जेटीए उर्तिण गरेकालाइ प्रोत्साहित गरिन्छ)
- राम्रो संचार र प्रेरणा कौशल तथासिप भएको, स्थानीय भाषामा सञ्चार गर्न वा बोल्न सक्ने ।
- स्थानीय तह, विद्यालय र सम्बन्धित सरोकारवालाहरूसँग समन्वय, नेटवर्किङ र सञ्चारमा बलियो सीप र ज्ञान भएको।
- नेपाली र अंगेजी भाषामा प्रतिवेदन लेख्ने सिप र ज्ञान भएको ।
- कम्प्युटर सम्बन्धि सामान्य ज्ञान भएको र इमेल इन्टरनेट चलाउन सक्ने ।
- समुदाय, स्थानीय भाषा र संस्कृतिहरूसँग परिचित भएको ।
- दुर्गम पहाडी क्षेत्रमा निरन्तर फिल्ड हिडडुल गर्न सक्ने ।
- १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**कार्यजिम्मेवारी**

- सामाजिक परिचालकले परियोजना टोलीलाई घरपरिवार स्तरमा लाभार्थीहरूसँग सञ्चार समन्वय निर्माण गर्न र सहज बनाउन सहयोग गर्ने।
- सामाजिक परिचालकले लक्षित वर्ग तथा घरपरिवार संग घनिष्ट सम्वन्ध कायम गर्ने ।
- समुदाय र परियोजना गतिविधिहरूमा उनीहरूको सक्रिय सहभागितालाई बढावा दिन मद्दत गर्ने।
- सामुदायीक सचेतिकरणका क्रियाकलापहरु सञ्चालन गर्ने ।
- कुनै पनि ससमस्या तथा कठिनाइको अवस्थामा सामुदाय स्तरमै समाधान गर्ने।
- स्थानीय समूह, महिला समूह, युवा,कृषक र जीविकोपार्जन समुहका साथै वाल क्लब गठन गरि परिचालन गर्ने।

मानव संसाधन केन्द्र बाजुरा HRC

• सामुदायिक स्रोत केन्द्रको व्यस्थापन र परिचालन गर्ने र कक्षाहरु सञ्चालन गर्न स्थानीय स्रोत व्यक्तिलाई सहयोग गर्ने ।

• लक्षित समुदाय र लाभग्राहीहरूलाई परियोजनाको लक्ष्य, उद्देश्य, नतिजा, उत्पादन, गतिविधिहरूका वारेमा जानकारी गराउनुका साथै समुदाय र विद्यालयमा आधारित गतिविधिहरूमा संलग्नता, रैथानी बाली प्रवर्धन तथा व्यवसायीकरणमा सहयोग तथा सहजीकरण गर्ने

• परियोजना अन्तरगत संचालन भएका क्रियाकलापहरुको नियमित अनुगन, मुल्याकन गर्ने र प्रतिवेदन तयार गरि पेश गर्ने ।

• विभिन्न तालिम, कार्यशाला, अभिमुखीकरण आदि आयोजना गर्न र युवा, महिला, बालबालिका, SMC/PTA, शिक्षक र प्रशासनिक कर्मचारीहरूबाट सहभागी छनोटमा परियोजना कर्मचारीलाई सहयोग गर्ने ।

• सफलताका कथा, घटना प्रतिबेदनका साथै प्रकाशन सम्बन्धि आवश्यक सामग्री तयार पार्ने ।

• ९०% सामुदाय स्तरमा र बाँकी १०% बैठक र प्रतिबेदनका लागि कार्यालयमा बसी काम गर्नु पर्ने ।

**परिक्षाको किसिम:** सर्टलिष्ट, लिखित तथा अन्तरवार्ता

आवेदन पेश गर्ने तरिका र पेश गर्नु पर्ने कागजात:

माथी उल्लेखित योग्यता पुगेका नेपाली नागरिकले काम गरेको निकायको नाम, काम गरको परियोजनाको नाम, दातृ निकायको नाम, कार्यक्षेत्र र काम गरेको अवधि स्पष्ट खुलेको वैयक्तिक विवरण (बायोडाटा) र निवेदन यस संस्थाको इमेल ठेगाना hrcvacancy59@gmail.com मा २०८१ पौष २ गते कार्यालय समय भित्र पठाइ सक्नु पर्नेछ, अन्तिम म्याद नाघी आएका निवेदन माथि कुनै कार्यवाही गरिने छैन । महिला, दलित तथा जनजाति उम्मेद्वारलाई ग्राहयता दिईनेछ

**नोट:** इमेल पठाउदा विषयमा पद वा विज्ञापन नं र व्यक्तिको नाम अनिवार्य लेख्नु पर्ने छ ।

*(सर्टलिष्टमा छनौट भएका उम्मेद्वारलाइ मात्र इमेल वा फोन मार्फत लिखित परिक्षाको जानकारी गरिनेछ । कुनै कारण खुलाइ वा नखुलाइ कुनै पनि उम्मेद्वारको दरखास्त स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्था संग सुरक्षित रहने छ ।)*

मानव संसाधन केन्द्र बाजुरा
HRC
Estd. 2059
Human Resources Center Bajura